# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## माघी पर्वको शुभकामना

माघे सक्रान्ती एवम् माघी पर्वको सुखद अवसरमा बागमती प्रदेश, देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, उन्नति तथा समृद्धिको शुभकामना व्यक्त गर्दछु।

माघे सक्रान्ती/माघी पर्वलाई खासगरी थारू र मगर समुदायले मनाए पनि यो पर्व सम्पूर्ण नेपालीले हासीखुसी तथा धुमधामका साथ आ-आफ्नै तरिकाले मनाउने प्रचलन छ। मौलिक संस्कृतिका धनी थारू समुदायले यसलाई अति उल्लासका साथ नयाँ वर्षको रूपमा नाँचगान, आफन्त भेटघाट तथा खानपिन गरेर धुमधामकासाथ मनाउने गर्दछन्। यो पर्वमा पवित्र नदी तथा त्रिवेणीहरुमा गएर स्नान गरि घ्यू, चाकु, तीलको लड्ड, तरुल र अन्य परिकार खाएर रमाइलो गरिन्छ। देवघाट, बराहक्षेत्र, त्रिवेणीधाम, रिडीलगायतका पवित्र तीर्थस्थलहरुमा मेला लाग्ने गर्दछ। सूर्य धनु राशीबाट मकर राशीमा प्रवेश गर्ने हुनाले माघे संक्रान्तिलाई मकर संक्रान्ति पनि भनिन्छ।आजदेखी उत्तरायण आरम्भ हुने गर्दछ।

बिशिष्ट र मौलिक पहिचान बोकेका हाम्रा चाडपर्वहरु हाम्रा खुसी जीवनका आधार हुन्। यी पर्वहरूले सामाजिक र राष्ट्रिय एकता, मेलमिलाप, सद्भाव र सहिष्णुता कायम गर्न महत्वपूर्ण योगदान दिन्छन्। हामीले हाम्रा बिशिष्ट पहिचानहरुलाई संरक्षण र प्रबर्द्धन गर्नुपर्दछ। अन्तमा पुनः आफ्नो मौलिकपनलाई आत्मसात् गरी समृद्धि मार्गमा अघि बढ्न हामी सबैलाई यो पर्वले प्रेरणा प्रदान गरोस् भनी शुभकामना व्यक्त गर्दछु।

**२०८१ साल माघ १ गते, मंगलबार।**
**नेपाल सम्वत् ११४५ प्वहेलागा: पारु।**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**